# पशु (गाई/भैंसी/बाखा) श्रोत केन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालन कार्यविधि २०७५

प्रस्तावना

प्रदेश न. २ पशुपालन र दुध तथा मासु उत्पादनको लागि प्रचुर सम्भावना भएको ठाँउ हुनुको साथै यस प्रदेशमा बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा दुध, दुग्धजन्य पदार्थ तथा मासुको माग बढ्दै गईरहेको छ । जसले गर्दा हाल व्यवसायिक पशु पालन गर्न चाहने व्यवसायीहरुको संख्यामा समेत वृद्धि हुँदै गईरहेका छ । यस अवस्थामा उन्नत नश्लका दुधाल गाई/भैसीहरु तथा बाखाहरुको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि दुध, दुग्धजन्य पदार्थ तथा मासुको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरुप कृषक समूह/समिति/सहकारी, रजिस्टर्ड निजी उद्यमी, कम्पनी, गैरसरकारी संघ, संस्थाहरुहरुको सहकार्यमा पशु (गाई/भैंसी/बाखा) श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न देहायको कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यो निर्देशिकाको नाम "पशु (गाई/भैंसी/बाखा) श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेको छ ।

२. यो कार्यविधि प्रदेश न. २ को मन्त्रिपरिषद् बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. "कार्यविधि" भन्नाले "पशु (गाई/भैंसी/बाखा) श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालन निर्देशिका, २०७५" सम्झनु पर्दछ ।

२. "कार्यक्रम" भन्नाले "गाई/भैसी/बाखा श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम" सम्झनु पर्दछ ।

३. "पकेट क्षेत्र" भन्नाले पशु (गाई/भैसी/बाखा) पकेट क्षेत्रलाई सम्झनु पर्दछ ।

४. "कम्पनी" भन्नाले सरकारी निकायमा पशुपालन व्यवसायको लागि विधिवत रुपमा दर्ता भएको कम्पनी सम्झनु पर्दछ ।

५. "निजी उद्यमी" भन्नाले व्यक्तिगत रुपमा व्यवसायिक पशुपालनमा संलग्न कृषक तथा उद्यमी सम्झनु पर्दछ ।

६. "पशु विकास कार्यदल" भन्नाले पशु विकास सम्बन्धी कार्यक्रम संचालनमा सहजकिरणको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा गठित समितिलाई जनाउछ ।

७. "श्रोतकेन्द्र" भन्नाले पशु (गाई/भैसी/बाखा) श्रोतकेन्द्र सम्झनु पर्दछ ।

८. "समुह/समिति/सहकारी" भन्नाले श्रोतकेन्द्रमा आवद्ध कृषक समुह/समिति/सहकारी सम्झनु पर्दछ ।

९. "कोष" भन्नाले यस कार्यक्रम संचालनका लागि स्थापना गरिएको पशु (गाई/भैंसी/बाखा) श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कोष सम्झनु पर्दछ ।

१०. "पशु सेवा शाखा" भन्नाले कार्यक्रम संचालित क्षेत्र संग सम्बन्धित स्थानीय तहको पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

११. "साझेदार" भन्नाले निजी उद्यमी, कम्पनी, समूह/समिति/सहकारी, , गैर सरकारी संघ संस्थाहरु भनी सम्झनु पर्दछ ।

१२. "असल व्यवस्थापन विधी" भन्नाले गाइ भैसीका श्रोत केन्द्रमा न्युन खर्च एवं उच्च प्रविधि अपनाई पशु एवं काम गर्ने मानिसका लागि सहज बातावरण, उचित प्रकारको आरामदायी गोठको व्यवस्था, मेसीनरी औजार,भौतिक संरचना, पशु आहारा, पशु प्रजनन, पशु स्वास्थ्य, जैविक सुरक्षा, आरोग्य व्यवस्थापन, क्षमता अभिवृद्धि, बजार व्यवस्थापन हुनु हो जसले गर्दा व्यवसायबाट अल्पकालिन, मध्यकालीन र दिर्घकालिन रुपमा उचित फाईदा लिन सकियोस ।

१३. "पशु" भन्नाले यस कार्यविधिमा गाई, भैंसी र बाखा प्रजातिलाई जनाउछ ।

१४. "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

१६. "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश न. २ लाई सम्झनु पर्दछ ।

१७. "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. २ लाई सम्झनु पर्दछ ।

३. उद्देश्यहरु : यस कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम रहेका छन्
१. हावापानी सुहाउँदो उन्नत नश्लका पशुपालनबाट उत्पादनशील र प्रजननयोग्य पशुहरुको उपलब्धता बढाउँदै प्रदेश न. २ लाई भैंसीको श्रोतकेन्द्रको रुपमा विकास गर्दै लैजाने ।
२. उन्नत पशुहरुको संख्यामा वृद्धि गरि दुध तथा मासुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुर्याउने ।
३. स्वच्छ दुध तथा मासु उत्पादनको लागि आवश्यक पर्ने विभिन्न असल व्यवस्थापन विधिहरु अवलम्वन गराउन प्रेरित गर्दै दुध उत्पादन पेशालाई व्यवसायिक पेशामा रुपान्तरण गर्न सकिने वातावरण निर्माण गर्न ।
४. बाख्रापालनलाई व्यवसायिकरण गरि मासु आयातलाई प्रतिस्थापन गर्न सहयोग पुर्याउने ।
५. ग्रामिण स्वरोजगार श्रृजनामा सहयोग पुर्याउने ।

४. रणनीतिहरु : दफा ३ बमोजिमका उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईने छन् :
१. कृषक समूह, समिति र सहकारी, संघ/संस्था तथा रजिस्टर्ड निजी उद्यमी, कम्पनी, स्थानिय तह, गैर सरकारी संघ, संस्थाहरु मार्फत साझेदारीमा व्यवसायिक उन्नत गाई, भैंसी, बाच्छाबाच्छी, पाडापाडी पालन गरी गाई/भैंसीको श्रोतकेन्द्र स्थापना गरिने छ ।
२. बृहत तथा व्यवसायिक रुपमा श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालन गरि श्रोत केन्द्रहरुको विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/समिति/सहकारी तथा तथा नीजि उद्यमी, कम्पनी, स्थानिय निकाय, गैरसरकारी संघ, संस्थाहरुलाई पनि यस कार्यक्रमले समेटदै लैजाने ।
३. श्रोत केन्द्र स्थापनार्थ भौतिक संरचना निर्माण, सुधार तथा मेशिनरी औजार उपकरण खरीद जस्ता कार्यमा अनुदान दिन "उन्नत गाई/भैंसी श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कोष" को व्यवस्था गरिने छ ।
४. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्थानीय तहको पशु सेवा शाखा लगायतका अन्य विभिन्न सराकारवालाहरुको संलग्नतामा असल व्यवस्थापन विधि अवलम्बन गराई श्रोत केन्द्र स्थापना भएको बढिमा ५ बर्ष सम्ममा श्रोत केन्द्रलाई आत्मनिर्भर बनाउन सहयोग गरिने छ ।
५. श्रोत केन्द्र संचालनको लागि आवश्यक ऋण तथा पशु बिमा सेवाको लागि सरोकारवाला निकायहरुसँग समन्वय गराई सहजिकरण गरिने छ ।
८. उन्नत गाई/भैंसीको माग तथा आपूर्ति अवस्थाको अध्यावधिक गरि व्यवस्थापन गरिने छ ।
९. कार्यक्रम कार्यान्वयनको सुनिश्चिताको लागि सरोकारवालाको संलग्नतामा अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

गाई/भैंसी

- श्रोत केन्द्र संचालन गर्दा प्रति श्रोत केन्द्र कम्तिमा २०० गोटा माउँ गाई, १०० गोटा माउँ भैंसीको संख्या भएको हुनु पर्ने व्यवस्था गरिने छ ।
- कृतिम गर्भाधान संचालन भई रहेका दुध उत्पादनको पकेट क्षेत्रहरुलाई यस कार्यक्रममा प्राथमिकताका साथ आवद्ध गर्दै लगिनेछ र उत्पादन क्षमताका आधारमा पशुहरुको छनौट गरी बंश सुधार गर्दै लगिनेछ ।
- उन्नत पशु छनौट सम्बन्धी मापदण्डको लागि यस कार्यक्रमलाई दुधाल गाई/भैंसी वंश सुधार कार्यक्रमसँग आवद्ध गराइने छ । यस अर्न्तगत श्रोत केन्द्रमा भएका पशुहरुको अनुसूची-८ (क) र (ख) अनुसार विवरण (Herd Book) तयार गरि अध्यावधिक गरिने छ ।

बाख्रा

- श्रोत केन्द्रमा कम्तिमा ५०० माँउ बाख्रा भएको हुनुपर्ने ।
- बाख्राको उत्पादन मापदण्डको अभिलेखिकरण, विश्लेषण र छनौट प्रकृयाको अवलम्बनबाट माउ तथा पाठापाठीको नश्ल सुधार गर्दै लगिने छ ।
- जैविक विविधता संरक्षणको लागि एक स्रोतकेन्द्र एक जातको बाख्रापालन गरिने छ ।
- व्यावसायिक बाख्रापालनका लागि चाहिने व्यवस्थित खोर , नश्ल सुधार, आहारा , स्वास्थ्य , बजार व्यबस्थापन एवम् कृषकको क्षमता अभिबृद्धिका कार्यक्रमहरुको प्याकेज उपलब्ध गर्राई नमुना बाख्रापालनको रुपमा स्रोतकेन्द्रलाई विकास गरिने छ ।
- संचालित कार्यक्रमको अवधि समाप्त पश्चयात् पनि स्रोतकेन्द्रले यसलाई निरन्तरता दिई दिगो बनाउने छ ।
- निजी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्यमा कार्यक्रम संचालन गर्न सकिने छ ।

## परिच्छेद २
## सेवा संचालन सम्बन्धि

५. **प्रस्ताव आव्हान र प्रस्तावना पेश गर्ने विधि :**

१. मन्त्रालय/निर्देशनालयले ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी जिल्लास्तरमा पशु श्रोत केन्द्र स्थापना तथा सुदृढिकरण कार्यक्रम संचालनको लागि अनुसूची-१ बमोजिम राष्ट्रियस्तर तथा स्थानिय स्तरको पत्रिकामा प्रस्ताव आव्हान गर्नेछ । यस्तो सूचना मन्त्रालय, निर्देशनालय र सम्बन्धित विज्ञ केन्द्रको सूचना पाटीमा अनिवार्य रुपले टांस गरी स्थानीय तहको पशु सेवा शाखाहरुमा समेत पठाउनु पर्नेछ । मन्त्रालय/निर्देशालयको वेब साईटमा समेत प्रकाशित गर्नु पर्नेछ ।

२. इच्छुक साझेदारहरुले अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना बनाई सूचनामा उल्लेख भए बमोजिमको अन्य कागजातहरु समेत संलग्न राखी तोकिएको समय अवधि भित्र अनुसूची-२ बमोजिमको आवेदन विज्ञ केन्द्रमा दर्ता गर्नु पर्नेछ ।

३. रित नपगुी वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनाटैको लागी समावेश गरिने छैन ।

४. निवेदन दर्ता गर्दा विज्ञ केन्द्रमा रु. ३०० को राजस्व तिरी नगदी रसिद अनिवार्य रपमा संलग्न गर्नु पर्नेछ ।

६. **स्थलगत निरिक्षण समिति गठन तथा काम कर्तव्य**

१. कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षणको लागि सम्बन्धित विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा निम्न बमोजिमको ५ सदस्यीय **"स्थलगत निरिक्षण समिति"** रहने छ ।

| | |
|---|---|
| क) प्रमुख, सम्बन्धित विज्ञ केन्द्र | संयोजक |
| ख) अधिकृत प्रतिनिधि, निर्देशनालय | सदस्य |
| ग) पशु विकास अधिकृत, सम्बन्धित विज्ञ केन्द्र | सदस्य |
| घ) पशु चिकित्सक, सम्बन्धित विज्ञ केन्द्र | सदस्य |
| ङ) अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

२. उपदफा १ बमोजिम गठित समितिले प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षण गरि कार्यक्रम संचालनको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन सहितको प्रतिवेदन तयार पारि पशु विकास कार्यदलमा पेश गर्नु पर्ने छ ।

७. **पशु विकास कार्यदल गठन तथा काम कर्तव्य**

१. प्रस्तावहरुको मुल्यांकन तथा प्राथमिकता क्रम अनुसार सिफारिसको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा देहाय अनुसारको ७ सदस्यीय **"पशु विकास कार्यदल"** गठन गरिनेछ ।

| | |
|---|---|
| क) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| ख) अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र | सदस्य |
| ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| घ) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| ङ) अगुवा कृषक, पुरुष, सम्वन्धित जिल्लाको (१ जना) | सदस्य |
| च) अगुवा कृषक, महिला, सम्वन्धित जिल्लाको (१ जना) | सदस्य |
| छ) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दले तोकेको अधिकृत (१ जना) | सदस्य सचिव |

२. उपदफा १ अनुसार गठित पशु विकास कार्यदलले कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरु तथा स्थलगत निरिक्षण समितिको प्रारम्भिक सम्भाव्यता अध्ययन सहितको प्रतिवेदनको आधारमा अनुसूची ४ बमोजिम मुल्यांकन गरि प्राथमिकता क्रम अनुसार सिफारिस गरि विज्ञ केन्द्र मार्फत सो को विवरण अन्तिम मुल्यांकन तथा अनुमोदनको लागि प्रादेशिक अनुगमन, मूल्यांकन तथा समन्वय समितिमा पठाउनु पर्ने छ ।

८. **प्रादेशिक अनुगमन, मुल्यांकन तथा समन्वय समिति :**

१. कार्यक्रमको अन्तिम मुल्यांकन, स्विकृती तथा नीतिगत व्यवस्था गर्न देहाय वमोजिमको पदाधिकारी रहेको **"प्रादेशिक अनुगमन, मुल्यांकन तथा समन्वय समिति"** रहनेछ :

| | |
|---|---|
| (क महाशाखा प्रमुख, पशुपन्छी विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) वरिष्ठ पशु चिकित्सक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ग) सम्वन्धित जिल्लाको प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको | सदस्य |

(ग) शाखा अधिकृत योजना अनुगमन शाखा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सदस्य

(ठ) शाखा अधिकृत पशुपन्छी व्यवसाय प्रवर्धन शाखा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सदस्य-सचिव

२. उपदफा (१) वमोजिमको समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

३. उपदफा (२) वमोजिम समितिको वैठकमा सम्वन्धित विज्ञ र कृषकलाई आमन्त्रण गर्न सकिनेछ ।

४. उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम रहनेछ :

१. पशु विकास विकास कार्यदलबाट अनुमोदन भएको योगयता क्रमको सुचीलाई स्वीकृत गर्ने । योग्यता क्रम सुची स्वीकृत गर्नु अगावै आवश्यक ठानेमा कृषकको घरदैलोमा गई स्थलगत मुल्यांकनको विवरणलाई समेत पुनःमुल्यांकन गर्न सक्नेछ । यस समितिले गरेको मुल्यांकन अन्तिम हुनेछ ।

२. कार्यक्रमलाई सफल पार्न विभिन्न निकायहरुसंग समन्वय गरी सेवा प्रवाहमा सहजता प्रदान गर्ने ।

३. आवश्यकता अनुसार कार्यक्रमको समिक्षा गरी पृष्ठपोषण दिने ।

९. पशु श्रोत केन्द्र संचालक समिति :

१. स्थानियस्तरमा कार्यक्रम संचालन, अनुगमन, समन्वय, सुझाव तथा सहयोग र नियन्त्रण गर्न तथा कोष परिचालन गर्न देहाय अनुसारको ७ सदस्यीय संचालक समिति रहने छ ।

| | |
|---|---|
| (क) प्रतिनिधी, साझेदार निकाय | अध्यक्ष |
| (ख) समितिले तोकेको (बढीमा ३ जना) | सदस्य |
| (ग) प्रतिनिधी, स्थानीय निकाय | सदस्य |
| (घ) प्रतिनिधी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ङ) प्रमुख, सम्बन्धित स्थानीय निकायको पशु सेवा शाखा | सदस्य सचिव |

२. उपदफा १ बमोजिम गठित उन्नत गाई/भैंसी श्रोत केन्द्र संचालक समितिको काम, कर्तव्य तथा अधिकारः

(क) पशुपालन श्रोत केन्द्र स्थापना तथा संचालन गर्न अनुसूची-५ बमोजिम मन्त्रालय/निर्देशनालयसंग कार्यक्रम संचालनको लागि सम्झौता गर्ने ।

(ख) सम्झौता अनुसार श्रोत केन्द्र स्थापना गरी सेवा संचालन गर्ने गराउने ।

(ग) स्थानीय निकायहरु संग समन्वय गरी उन्नत गाई/भैसी श्रोत केन्द्र स्थापना तथा सुदृढिकरण कोषमा आर्थिक सहयोग जुटाउन पहल गर्ने ।

(घ) श्रोत केन्द्रमा रहेका गाई/भैसीहरुको बिमाको लागि पहल गर्ने गराउने ।

(ङ) विज्ञ केन्द्र/स्थानीय निकायको पशु सेवा शाखा/सम्बन्धित निकायले दिएको सुझावहरु कार्यान्वयन गर्ने गराउने।

(च) आवस्यकता अनुसार सेवा प्रदान गरिएको सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने ।

(छ) आवश्यकता अनुसार सहजकर्ता नियूक्ति गर्न र निजलाइ सेवा वापतका पारिश्रमिक निर्धारण गर्न ।

(ज) वित्तिय तथा कार्य प्रगति नियमित रुपमा विज्ञ केन्द्रमा पठाउने ।

(झ) साझेदार संस्थाबाट संचालित यस कार्यक्रम बारे हरेक वर्ष र्सार्वजनिक सुनुवाई गर्ने तथा गर्न लगाउने ।

३. निजी उद्यमीको हकमा संचालक समित आवश्यक हुने छैन । सो श्रोत केन्द्रको अनुगमन सम्बन्धित विज्ञ केन्द्र वा प्रादेशिक निकायबाट हुने छ ।

१०. भुक्तानी विधि

१. स्वीकृत कार्यक्रम संचालनको लागि प्राप्त अनुदान रकमको २५ प्रतिशत साझेदारले कोषमा दाखिला गरे पश्चात मन्त्रालय/निर्देशनालयले ७५ प्रतिशत बराबरको रकम अनुदान स्वरुप कोषमा कार्य प्रगतिको आधारमा ३ किस्तामा जम्मा गरी दिनेछ ।

२. निजी उद्यमीको हकमा

क)कार्ययोजनामा उल्लेख गरिएको कार्यहरु सम्पन्न गरि सोही बमोजिमको बील भरपाईहरु पेश गर्नु पर्नेछ । उल्लेखित कार्य बाहेकको कामको लागि भुक्तानी गरिने छैन ।

ख) रकम भुक्तानी गर्दा कार्यालयको तर्फबाट भुक्तानी गरिने रकम कार्य सम्पन्न भए पशचात मात्र एकमुष्ट रुपमा व्यवसायीको बैंक खाता मार्फ भुक्तानी गरिनेछ ।

३. भुक्तानीको लागि निम्न किसिको काजगातहर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

क) भुक्तानीको लागि संस्थाको लेटरप्याडमा लिखित निवेदन
ख) कार्य सम्पन्न भएको स्थानयि तहको सिफारिस पत्र
ग) रकम भुक्तानी गरिने बैंक खाताको विवरण
घ) बिल बीजकहरुको सक्कल प्रति
ङ) फार्ममा रहेको पशुपन्छीको बीमा गरिएको कागजातहरुको प्रतिलिपी
च) द्विपक्षिय संझौता पत्रको प्रतिलिपी

४. भुक्तानी दिदाँ १.५% टि.डि.एस कट्टी गरी भुक्तानी दिने तर १३% भ्याट रकमको हकमा रकम दाखिला गरेको भौचर पेश गरेको खण्डमा मात्र भ्याट विलको रकम भुक्तानी दिईनेछ ।

५. मन्त्रालय/निर्देशनालयले पूंजिगत खर्च शिर्षबाट साझेदारी रकम उपलब्ध गराउने पशु श्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम संचालन गर्दा विनियोजित बजटेको ५ प्रतिशत बराबर रकम कन्टिजेन्सी वापत कट्टा गरी अनगुमन, निरिक्षण, भ्रमण, विषय विशेषज्ञको परामर्श सेवा, प्रस्ताव मूल्यांकन समितिको बैठक भत्ता, इन्धन, ममर्त सम्भार र कायार्लय संचलान प्रयोजनको लागी खर्च गर्न सक्नेछ। तर सो कुरा सम्बन्धित साझेदारसंग गरिने द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गरिएको हुनु पर्नेछ ।

६. यसमा उल्लेख नभएको कुराको हकमा सर्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

**११. पशु श्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण कोष संचालनः** उन्नत गाई/भैंसी श्रोत केन्द्रहरुको लक्षित कार्यक्रमको दिगो संचालनको लागि प्रत्येक केन्द्रमा "पशु (गाई/भैंसी/बाख्रा) श्रोतकेन्द्र स्थापना तथा सुदृढिकरण कोष" नामको एक कोषको स्थापना गरिने छ । सो कोषमा देहाय वमोजिमको रकम जम्मा हुनेछ :

१. बार्षिक बजेट र स्वीकृत कार्यक्रमको आधारमा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम
२. बैदेशिक दातृ निकायहरुबाट प्राप्त हुने रकम, प्राप्त गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश न. २ को मन्त्रालयको पुर्व स्वीकृति लिनु पर्नेछ ।
३. विदेशी, सरकारी तथा गैर सरकारी दातृ निकायहरुबाट प्राप्त हुने रकम
४. दुग्ध उत्पादक सहकारी संस्था, वन उपभोक्ता समुह, स्थानीय तह, सरोकारवाला तथा अन्य संघ/संस्थाहरुबाट प्राप्त गर्ने रकम
५. सम्बन्धित पशुपालन श्रोत केन्द्रका समुह, समिति, सहकारी, ब्रिडर एशोसिएशनका सदस्यहरु/उपभोक्ता कृषक समूह/समिति बाट संकलन हुने रकम
६. कोषको लागि अन्य निकायहरुबाट प्राप्त हुने रकम
७. कोषको रकमबाट आम्दानी भएको व्याज रकम
८. अन्य सम्भावित आम्दानीका श्रोतहरु

**१२. कोष संचालन :** दफा ११ बमोजिम स्थापना भएको कोषको संचालन विधि देहाय अनुसार हुनेछ :

१. दफा ११ वमोजिम कोषमा जम्मा हुन आएको रकम परिचालनको लागि दफा ९ बमोजिम गठित संचालक समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त हस्ताक्षरबाट संचालन हुने गरी नजिकको बैंङ्कमा खाता खोल्नु पर्नेछ ।

२. कोषको रकम सम्वन्धित साझेदार निकायले पशु विकास कार्यदलबाट स्वीकृति भएको कार्यक्रम बमोजिम खर्च गरिनेछ ।

३. कोषको मासिक अवस्थाको विवरण सम्बन्धित विज्ञ केन्द्रमा महिना बितेको ७ दिन भित्र पेश गर्नु पर्नेछ र सो विवरण विज्ञ केन्द्रले मन्त्रालय/निर्देशनालयमा यथासिघ्र पेश गर्नु पर्ने छ ।

**१३. कोषको लेखा परिक्षण :** श्रोत केन्द्रहरुमा स्थापना तथा संचालन भएको कोषको लेखा परिक्षण प्रचलित कानून वमोजिम गराउनु पर्नेछ र सोको प्रतिवेदन सम्वन्धित विज्ञ केन्द्रमा पेश गर्नु पर्नेछ र सो विवरण विज्ञ केन्द्रले मन्त्रालय/निर्देशनालयमा यथासिघ्र पेश गर्नु पर्ने छ ।

**१४. अनुगमन तथा पृष्ठपोषण :** कार्यक्रमको संचालन एवं प्रभावकारीताको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/निर्देशनालय लगायत विभिन्न सरोकारवाला निकायहरुले सेवा संचालनको अनुगमन गरी अनुसूची-६ बमोजिम सोको पृष्ठपोषण दिने छ ।

**१५. कार्यक्रममा संलग्न निकायहरुका भूमिका :** कार्यक्रम संचालनको क्रममा संलग्न विभिन्न निकायहरुको भूमिका तथा दायित्व अनुसुचि-९ मा उल्लेख गरिए वमोजिम हुनेछ र त्यस्ता दायित्व पूरा गर्न सम्वन्धित सवैका कर्तव्य हनेछ ।

परिच्छेद ३

## गाई/भैंसी श्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम

१६. कार्यक्रमका अवधि :

१. यो कार्यक्रमको अवधि बढिमा ५ बर्षको हुनेछ । सो अवधि पश्चात कार्यक्रम संचालनको लागि श्रोत केन्द्र आत्मनिर्भर हुने परिकल्पना गरिएको छ ।

१७. **श्रोत केन्द्र छनौटका आधारहरु :** श्रोत केन्द्र छनौटको लागि देहाय बमोजिमका आधारहरु तय गरिएको छ ।

१. प्रदेश न. २ को प्रत्येक जिल्लामा २ वटा गाईको र २ वटा भैंसीको श्रोत केन्द्र स्थापना हुन पर्ने ।

२. श्रोत केन्द्रमा कम्तिमा १०० माँउ गाई वा ५० माँउ भैंसी भएको हुनुपर्ने ।

३. कृतिम गर्भाधान कार्यक्रम संचालन भई रहेको तथा दुध उत्पादनको पकेट क्षेत्रलाई प्राथमिकता दिईने ।

४. श्रोत केन्द्र रहने स्थानमा सडक, संचार, सिंचाई, पिउने पानी र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको ।

५. व्यवसायिक रुपमा गाई/भैंसीको फार्म संचालन भरहेको तथा विस्तारको लागि प्रचुर सम्भावना भएको पकेट क्षेत्रहरु ।

६. बाहै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने स्थान ।

७. कृषकहरुको कार्यक्रम प्रति चाहना भएको ।

१८. कार्यक्रम संचालन :

१. मन्त्रालय/निर्देशनालयले दफा १७ बमोजिम गाई/भैंसीको श्रोत केन्द्र स्थापनाको लागि प्रदेश न. २ को आठ वटै जिल्लाहरु छनौट गर्ने छ ।

६. प्रादेशिक अनुगमन, मुल्यांकन तथा समन्वय समितिले प्रस्तावहरु छनौट गरि स्वीकृत गरे पश्चात मन्त्रालय/निर्देशनालय र छनौट भएका साझेदार संस्था बिच अनूसुची-५ अनुसार सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।

७. बृहत तथा व्यवसायिक रुपमा श्रोत केन्द्र कार्यक्रम संचालन, विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/समिति/सहकारी/नीजि उद्यमी/कम्पनीहरुलाई पनि यस कार्यक्रमले समेटदै लैजाने छ ।

७. साझेदारले हरेक वर्ष आफ्नो श्रोत केन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा विज्ञ केन्द्रमा प्रस्ताव स्वीकृतिका लागि पेस गर्ने छ ।

८. विज्ञ केन्द्रले साझेदारबाट पेस भएका प्रस्तावित कार्यक्रम तथा बजेट पशु विकास कार्यदलको बैठकबाट अन्तिम रुप दिई विनियोजित अनुदान रकमको आधारमा कार्यक्रम स्वीकृतिको लागि निर्देशनालय/मन्त्रालयमा पठाउने छ ।

९. स्वीकृत कार्यक्रम संचालनको लागि प्राप्त अनुदान रकमको २५ प्रतिशत साझेदारले कोषमा दाखिला गरे पश्चात भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले ७५ प्रतिशत बराबरको रकम अनुदान स्वरुप कोषमा जम्मा गरी दिनेछ । जस अनुसार प्रति श्रोत केन्द्र पहिलो वर्ष बढिमा रु. २५ लाख, दोस्रो वर्ष बढीमा ५ लाख र तेश्रो बर्ष ५ लाखको दरले ३ किस्तामा कोषमा जम्मा गरि दिनेछ ।

१०. साझेदारले श्रोत केन्द्रका वित्तिय तथा भौतिक प्रगति हरेक महिना विज्ञ केन्द्र मार्फत निर्देशनालय/मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. श्रोत केन्दमा भएका राम्रा गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरु छनौट र टयागिङ्ग गरी अभिलेख राखु पर्नेछ ।

१२. श्रोत केन्द्रमा भएका गाई/भैंसीहरुको प्राविधिक सूचक अनुसूचि-११ बमोजिम हुनुपर्नेछ ।

१३. श्रोत केन्द्रको कृषकहरुलाई गाई/भैंसी पालन सम्बन्धि क्षमता अभिवद्धीको लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

१४. श्रोत केन्द्रमा पशुको गोठ निर्माण गर्दा अनुसूची-१० अनुसार र हावापानी सुहाउदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

१५. मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रले श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन विधी अनुरुप पशु स्वास्थ्य सेवा जस्तैः टिट डिपिङ्ग, परजीवी नियन्त्रण, खोप आदि प्रदान गर्नुपर्नेछ । र सो को सम्पूर्ण विवरण दुरुस्त राखु पर्नेछ ।

१६. श्रोत केन्द्रमा मौसम र आवश्यकता अनुसार हिउँदे, बर्षे, वहुबर्षेघाँस तथा डाँले घाँस लगाएको हुनु पर्नेछ ।

डा. बंशी शर्मा

परिच्छेद ३

## बाख्रा श्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम

१९. कार्यक्रमका अवधि :

१. यो कार्यक्रमको अवधि बढिमा ५ बर्षको हुनेछ । सो अवधि पश्चात कार्यक्रम संचालनको लागि श्रोत केन्द्र आत्मनिर्भर हुने परिकल्पना गरिएको छ ।

२०. **श्रोत केन्द्र छनौटका आधारहरु** : श्रोत केन्द्र छनौटको लागि देहाय बमोजिमका आधारहरु तय गरिएको छ ।

१. प्रदेश न. २ को प्रत्येक जिल्लामा ३ वटा बाख्रा श्रोत केन्द्र स्थापना हुन पर्ने ।

२. श्रोत केन्द्रमा कम्तिमा १००० माँउ बाख्रा भएको हुनुपर्ने ।

३. व्यवस्थित दिगो स्रोतकेन्द्र विकासको लागि कृषकको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था अनुकुल रहेका बाख्रा पकेट क्षेत्रको छनौट हुनु पर्दछ ।

४. पकेट क्षेत्र छनौट गर्दा, घाँसको विकास भएको वा घाँस विकास गर्न सकिने भू-बनोट तथा हावापानी भएको क्षेत्र हुनु पर्ने छ

५. श्रोत केन्द्र रहने स्थानमा सडक, संचार, सिंचाई, पिउने पानी र विजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको हुनु पर्ने छ ।

६. व्यवसायिक रुपमा बाख्रा फार्म संचालन भरहेको तथा विस्तारको लागि प्रचुर सम्भावना भएको पकेट क्षेत्रहरु हुनु पर्ने छ ।

७. बाह्रै महिना डाले घाँस तहत हरियो भुँई घाँसपात उपलब्ध हुन सक्ने स्थान ।

८. अन्य बाख्रा विकास कार्यक्रम संचालन भएको क्षेत्रलाई पनि छनौट गर्न सकिने छ ।

९. कृषकहरुको कार्यक्रम प्रति चाहना भएको ।

१८. कार्यक्रम संचालन :

१. मन्त्रालय/निर्देशनालयले दफा २० बमोजिम बाख्राको श्रोत केन्द्र स्थापनाको लागि प्रदेश न. २ को आठ वटै जिल्लाहरु छनौट गर्ने छ ।

६. प्रादेशिक अनुगमन, मुल्यांकन तथा समन्वय समितिले प्रस्तावहरु छनौट गरि स्वीकृत गरे पश्चात मन्त्रालय/निर्देशनालय र छनौट भएका साझेदार संस्था बिच अनूसुची-५ अनुसार सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।

७. बृहत तथा व्यवसायिक रुपमा श्रोत केन्द्र कार्यक्रम संचालन, विकास र विस्तार गर्न आसपासका अन्य कृषक समुह/समिति/सहकारी/नीजि उद्यमीलाई पनि यस कार्यक्रमले समेटदै लैजाने छ ।

७. साझेदारले हरेक वर्ष आफ्नो श्रोत केन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा विज्ञ केन्द्रमा प्रस्ताव स्वीकृतिका लागि पेस गर्ने छ ।

८. विज्ञ केन्द्रले साझेदारबाट पेस भएका प्रस्तावित कार्यक्रम तथा बजेट पशु विकास कार्यदलको बैठकबाट अन्तिम रुप दिई विनियोजित अनुदान रकमको आधारमा कार्यक्रम स्वीकृतिको लागि निर्देशनालय/मन्त्रालयमा पठाउने छ ।

९. स्वीकृत कार्यक्रम संचालनको लागि प्राप्त अनुदान रकमको २५ प्रतिशत साझेदारले कोषमा दाखिला गरे पश्चात भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले ७५ प्रतिशत बराबरको रकम अनुदान स्वरुप कोषमा जम्मा गरी दिनेछ । जस अनुसार प्रति श्रोत केन्द्र पहिलो बर्ष बढिमा रु. १० लाख, दोस्रो बर्ष बढीमा २ लाख र तेश्रो बर्ष २ लाखको दरले ३ किस्तामा कोषमा जम्मा गरि दिनेछ ।

१०. साझेदारले श्रोत केन्द्रका वित्तिय तथा भौतिक प्रगति हरेक महिना विज्ञ केन्द्र मार्फत निर्देशनालय/मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. श्रोत केन्दमा भएका राम्रा गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरु छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

१२. श्रोत केन्द्रमा भएका बाख्राहरुको प्राविधिक सूचक अनुसूचि-११ बमोजिम हुनुपर्नेछ ।

१३. श्रोत केन्द्रको कृषकहरुलाई बाख्रा पालन सम्बन्धि क्षमता अभिवद्धीको लागि तालिम कार्यक्रम संचालन गरिने छ ।

१४. श्रोत केन्द्रमा बाख्राको गोठ निर्माण गर्दा अनुसूची-१२ अनुसार र हावापानी सुहाउदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

वंशी शर्मा

१५. मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रले श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन विधी अनुरुप पशु स्वास्थ्य सेवा जस्तैः परजीवी नियन्त्रण, खोप आदि प्रदान गर्नुपर्नेछ । र सो को सम्पूर्ण विवरण दुरुस्त राखु पर्नेछ ।

१६. श्रोत केन्द्रमा मौसम र आवश्यकता अनुसार हिउँदे, बर्षे, वहुबर्षेघाँस तथा डाँले घाँस लगाएको हुनु पर्नेछ ।

डा. बंशी शर्मा
सचिव

अनुसूची १

(दफा-७.२ र ११.१ संग सम्बन्धित)

सूचना

यस भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आ.व. २०...../...... को वार्षिक स्विकृत कार्यक्रम अनुसार दुधालु गाई/भैसीहरु र मासु उत्पादनको लागि उन्नत बाखाहरुको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि दुध, दुग्धजन्य पदार्थ तथा मासुको मागलाई सहज आपूर्ति गर्न साझेदारीको अवधारणा अनुरुप निजी उद्यमी, समूह/समिति/सहकारी, स्थानीय तह, गैर सरकारी संघ संस्थाहरुसंगको सहकार्यमा गाई/भैसी/बाखा श्रोत केन्द्र स्थापना तथा सुदृधिकरण कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न साझेदारीको अवधारणा अनुरुप निजी उद्यमी, समूह/समिति/सहकारी, स्थानीय तहहरुसंगको सहकार्यमा गाई/भैसी/बाखा श्रोत केन्द्र स्थापना तथा सुदृधढीकरण कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्नको लागि प्रदेश न. २ को ८ वटै जिल्लाहरुमा वसोवास गरेका निजी उद्यमी, समूह/समिति/सहकारी, स्थानीय निकायहरुबाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक निजी उद्यमी, समूह/समिति/सहकारी, स्थानीय तहहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव सम्बन्धित विज्ञ केन्द्रमा पेश गर्नु होला । विस्तृत जानकारिका लागि सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. २ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. अनूसूची-२ अनुसारको आवेदन फारम
२. अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
४. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु
५. निजी उद्यमी/समूह/समिति/सहकारी/स्थानीय तह सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
६. कार्यक्रमको लागि छनौट भएमा निजी उद्यमी/समूह/समिति/सहकारीका सदस्यहरुबाट कार्यान्वयन गर्न प्रतिवद्धताको निर्णयको प्रतिलिपि

डा. बंशी शर्मा
सचिव

अनूसुची २

(दफा-७.३ र ११.२ संग सम्बन्धित)

गाई/भैसी/बाख्रा श्रोत केन्द्र संचालनको लागि दिईने आवेदन-पत्रको फारम

मिति :.......

श्रीमान प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
.......................

विषय : गाई/भैसी/बाख्रा श्रोत केन्द्र स्थापना तथा सुदृढीकरणको लागि छनौट हुन पाउँ भन्ने बारे ।

भूमि व्यवस्था, कृषि तथा सहकरी मन्त्रालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश न. २ को मिति............ को ................................ पत्रिकामा प्रकाशित सूचना अनुसार .................................................. निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर निजी उद्यमी/कम्पनी/समूह/समिति/सहकारी/स्थानीय निकाय/गैर सरकारी संघ/संस्थाको तर्फबाट सम्भाव्यताको आधारमा कम्तिमा १०० गोटा उन्नत नश्लका दुधालु गाई/५० गोटा उन्नत नश्लका दुधालु भैसीहरुको श्रोत केन्द्र स्थापना गरी कार्यक्रम संचालन गर्न र यस केन्द्रमा उत्पादित बाच्छा बाच्छी/पाडापाडीहरु हर्काइ कार्यक्रम संचालन भएको दोश्रो वर्ष देखि नै अन्य व्यवसायीक गाई/भैसी पालक कृषकहरुलाई प्रति बर्ष कम्तिमा १०० गोटा दुधालु गाई/५० गोटा दुधालु भैसीहरु/ ५०० गोटा बाख्राहरु उपलब्ध गराई गाई/भैसी/बाख्रा पालन व्यवसायको क्षेत्रमा टेवा पुर्याउन तीव्र इच्छा भएकोले तपसिल अनुसारको कागजात राखी यो निवेदन पेश गरेका छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौ ।

तपसिल

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

१. अनूसूची-३ अनुसारका संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. निजी उद्यमी/समूह/समिति/सहकारी/ सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेका अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, आदि) का प्रमाणित प्रतिलिपीहरु
५. संस्थाका तर्फबाट कार्यक्रम संचालन सम्बन्धी भएका निर्णयको प्रतिलिपि
६. निजी उद्यमी/समूह/समिति/सहकारी सदस्यहरुबाट कार्यान्वयन गर्न प्रतिवद्धताको निर्णयको प्रतिलिपि

निवेदन दिन संस्थाका तर्फबाट दिने
संस्थाको प्रमुखको नाम :
संस्था प्रमुखको दस्तखत :
संस्था प्रमुखको पद :
संस्थाको ठेगाना :
मिति :
संस्थाका छाप :

डा. बंशी शर्मा
सचिव

अनुसूची ३

## गाई/भैसी श्रोत केन्द्र कार्यक्रम सन्चालनको लागि संक्षिप्त कार्ययोजना

संस्थाको नाम :

संस्थाको सम्पक टेलिफोन नम्वर:

संस्थाको ठेगाना: जिल्ला : गा.पा./न.पा. वडा न. गाउं/टोलका नाम :

श्रोत केन्द्र र कार्यालय राख्ने स्थान:-

पशुको किसिम :

सम्बन्धित पकेट क्षेत्रमा भएको पशुको तथ्यांङ्:

| सि.नं | कृषकको नाम थर | ठेगाना | पशु संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | जम्मा संख्या | |
| | | | | | | |
| | | | | | | |

संस्था दर्ता

को प्रमाण-पत्र नं. र संस्था दर्ता गर्ने कार्यलयको नाम ठेगाना :

संस्थाले हाल सम्म गरेका उल्लेखनिय कामहरु : ....................................................................................

....................................................................................................................................

....................................................................................................................................

गाई/भैसी/बाख्रा श्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कोषको खाता संचालन गरिने बैंकको नाम र खातावालाहरुको नाम:-

कार्य योजनाको प्रस्तावना :

....................................................................................................................................

.......

....................................................................................................................................

फार्मको उद्देश्यहरु:

(क) ............

(ख) ..............

फार्मको लक्ष्य:

(क) ...............

(ख) ..............

रकमको आवश्यकता:

| ..... वटा उन्नत जातका गाई/भैसी/बाख्राको लागि पहिलो वर्ष खर्च हुने सुरुको रकम | | | |
|---|---|---|---|
| पुँजीगत खर्च रु. | चालु खर्च रु. | जम्मा खर्च रु. | कैफियत |
| | | | |

